## खाँदबारी नगरपालिका, खाँदबारी, संखुवासभा
## आयमूलक भवनको ठेक्का सम्बन्धी शिलवन्दी कवोल पत्र पेश गर्ने तारेको सूचना ।

**प्रथम पटक प्रकाशित मिति २०७६/०३/१६ गते**

खाँदवारी नगरपालिका, नगरकार्यपालिकाको मिति २०७६/०३/१३ गतेको निर्णयानुसार यस नगरपालिकाको स्वामित्वमा रहेको वडा नं. १, टुँडीखेलस्थित आयमूलक भवन आ.व. ०७६/०७७ (**२०७६।०४।१ गते देखि २०७७ असाढ मसान्त सम्म** ) को लागि ठेक्का वन्दोवस्त गर्नु पर्ने भएकोले १५ (पन्ध्र) दिने सार्वजनिक सूचना प्रकाशित गरिएकोछ । देहायका शर्त अनुसार शिलवन्दी कवोलपत्र पेश गर्न सम्बन्धित सबैको जानकारीको लागि सूचित गरिन्छ ।

१. शिलवन्दी कवोल पत्र साथ निवेदन, नागरिकता प्रमाणपत्रको फोटोकपी र रु ३००।- (अक्षरेपी रु. तीन सयमात्र) को यस कार्यालयको रा.वा.वैंक, शाखा कार्यालय खाँदबारीमा रहेको खाता नं. ग-४- १/२०८०३०४०१८१०२ मा जम्मा गरेको सक्कलै बैंक भौचर वा यस नगरपालिका कार्यालयमा बुझाएको नगदी रसिद संलग्न भएको हुनु पर्नेछ ।

२. न्यूनतम कवोल अंक देहाय अनुसार तोकिएकोछ ।
   (क) खा.न.पा वडा नं. १ मा रहेको आयमूलक भवन **माथिल्लो तलाको** लागि न्यूनतम कवोल अंक वार्षिक **रु. २००,०००।- (अक्षरेपी रु. दुई लाख मात्र)** कायम गरिएको छ । सबै भन्दा वढी कवोल गर्ने कवोलदाताको कवोलपत्र रितपूर्वक भए स्वीकृत हुनेछ ।

३. कवोलपत्र सूचना प्रकाशित भएको मितिले १६औं दिनको अपरान्ह दिनको ठीक १२.०० बजे भित्रमा यस नगरपालिका कार्यालयमा पेश गरी सक्नु पर्नेछ । रितपूर्वक पर्न आएको शिलवन्दी कवोलपत्रहरु सोहि दिनको २.०० वजे कवोलपत्रकर्ताहरुको उपस्थितिमा खोलिने छ । कवोलकर्ताहरु उपस्थित नभए पनि कवोलपत्र खोल्न बाधा परेको मानिने छैन ।

४. कवोल पत्र कारण जनाई वा नजनाई स्वीकृत वा अस्वीकृत वा आंशिक स्वीकृत गर्ने अधिकार नगरकार्यपालिकामा निहित रहनेछ ।

५. कवोलपत्र स्विकृत भएको ७ (सात) दिन भित्र पट्टापुर्जी लिई सक्नु पर्नेछ । पट्टा पुर्जी लिंदा अग्रिम गनी महशुल गर्ने वा मासिक रुपमा कवोल अंक वरावरको रकम बुझाउने एकिन गरी निवेदनमा स्पष्ट उल्लेख गर्नु पर्नेछ ।

६. मासिक रुपमा कवोल अंकको दामासाहीले हुन आउने रकम मासिक रुपमा बुझाउने हो भने प्रत्येक महिनाको १० (दश) गते भित्र न.पा. कार्यालयको राजश्व उपशाखामा बुझाई नगदी रसिद लिनु पर्नेछ । मासिक हुन आउने रकम तोकिएको अवधिमा नबुझाएमा निम्न अनुसार रकम थप गरी जरीवाना समेत असूल गरिनेछ ।

**तपशिल**

(क) पहिलो महिना ब्यतित भएमा — ५ (पाँच) प्रतिशत

(ख) दोस्रो महिना ब्यतित भएमा — ७ (सात) प्रतिशत

प्रमुख प्रशासकीय अधिकृत

(ग) तेस्रो महिना ब्यतित भएमा ९ (नौ) प्रतिशत

(घ) चौथो महिना ब्यतित भएमा १० (दश) प्रतिशत

चौथो महिनामा समेत तोकिएको रकम नबुझाएमा ठेक्का रद्द गरी बुझाउनु पर्ने रकम र सो बरावरको रकम जरीवाना समेत असूल गरिनेछ ।

७. कवोल पत्र कर्ताले यस न.पा. मा बुझाउनु पर्ने सम्पुर्ण कर, दस्तुर, महशुल, सेवा शुल्क वेरुजु आदि बुझाई सकेको र नगरपालिकालाई कुनै तिर्न बुझाउन बाँकी भएको हुनु हुँदैन ।

८. वार्षिक रुपमा बुझाउनु पर्ने रकम सम्झौता गर्दा नै सबै रकम बुझाएमा ठेकेदारलाई कवोल रकमको ५(पाँच) प्रतिशत रकम छुट दिईनेछ ।

९. गनी महशुल नगरेमा वा मासिक रकम बुझाउने भएमा पहिलो किस्ता वापत दामासाहीले एक महिनाको रकम नगद नै बुझाउनु पर्नेछ । वाँकी रकम नगद जम्मा वा नेपाल सरकारले मान्यता प्राप्त गरेको "क" वर्गको बाणिज्य बैंकबाट रितपूर्वकको २०७७ अषाढ सम्म म्याद भएको परफरमेन्स वण्ड (जमानत पत्र) अनिवार्य रुपमा पेश गर्नु पर्नेछ । कुनै चल अचल सम्पत्ति जेथाजमानीमा सहुलियत दिईने छैन । कुनै पनि वहानामा ठेक्का अंकमा छुट, मिन्हा, क्षतिपूर्ति आदि माग गर्न पाउने छैन ।

१०. कवोलकर्ताले कवोल अंकसाथ राष्ट्रिय वाणिज्य बैंक, शाखा कार्यालय खाँदबारीमा रहेको यस कार्यालयको धरौटी खाता नं. २०८०३०३००७१०२ मा कवोल अंकको २.५ प्रतिशत रकम धरौटी वापत जम्मा गरेको सक्कलै बैंक भौचर वा नेपाल सरकारबाट मान्यता प्राप्त "क" वर्गको बैकहरुबाट यस कार्यालयको नाममा नियमानुसार जारी गरिएको ७५ (पचहत्तर) दिनको विडवण्ड संलग्न राख्नु पर्नेछ ।

११. आयमूलक भवनको माथिल्लो तलामा स्थानीय कृषि उपजका दैनिक उपभोगका खाद्य वस्तु मात्र विक्री वितरण गर्नुपर्नेछ ।

१२. यस विषयमा विस्तृत कुरा बुझ्नु परेमा नगरपालिकाको राजश्व उपशाखामा सम्पर्क गर्नु हुन सूचित गरिन्छ । अन्य कुरा प्रचलित कानून वमोजिम हुनेछ ।

.......................................

(कोमलप्रसाद धमला)

प्रमुख प्रशासकीय अधिकृत